बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

| खण्ड २ | बर्ष ९ | अंक ३१ | मिति : साउन १ गते २०८१ |
|---|---|---|---|

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -१

# भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ऐन, २०८१

पारित मितिः २०८१।०३। ०५ गते

**प्रस्तावनाः**

नगरपालिकाको क्षेत्रभित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नगरसभाले यो ऐन बनाई लागु गरेकोछ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम, वितार र प्रारम्भः** (१) यस ऐनको नाम "**भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ऐन २०८१**" रहेकोछ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन गरेपश्चात तुरन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवासम्बन्धी कार्य सम्झनुपर्छ।

(ख) "उप-प्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनुपर्छु।

(ग) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले बुद्धभूमि नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ङ) "कार्यपालिका सदस्य" भन्नाले नगर कार्यपालिका सदस्यलाई सम्झनुपर्छ।

(च) "जलस्रोत" भन्नाले नगरपालिका क्षेत्रभित्रको भू-सतह, भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन वा यसै ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) "नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिका सम्झनुपर्छ।

(झ) "नगरसभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनुपर्छ।

(ञ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ट) "पूर्वाधार" भन्नाले यस ऐनमा अनुसूची (१) मा उल्लेख भएबमोजिमका विषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनुपर्छ।

(ठ) "वडा अध्यक्ष" भन्नाले नगरपालिकाको सम्बन्धित वडामा निर्वाचित वडा अध्यक्ष सम्झनुपर्छ।

(ड) "समिति" भन्नाले नगरपालिकाको सम्बन्धित वडाको वडा समिति सम्झनुपर्छ।

(ढ) "वडा सदस्य" भन्नाले नगरपालिकाको सम्बन्धित वडाका सबै निर्वाचित सदस्य सम्झनुपर्छ।

**परिच्छेद २**

**स्थानीय सडक तथा यातायात व्यवस्थापन सम्बन्धी व्यवस्था**

३. **स्थानीय सडकहरूको वर्गीकरणः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरूको वर्गीकरण र बृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ।

**(२) नगरपालिकास्तरमा मुख्यतः देहायका सडकहरू सहनेछनः-**

(क) पालिका सडकः नगरपालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका सडकको रूपमा बर्गीकरण गरिनेछ।

(ख) ग्रामिण सडकः नगरपालिकाका बस्तीहरूमा यातायातको पहुँचका लागि बनाइएका सडकहरूलाई ग्रामिण सडकको रूपमा बर्गीकरण गरिनेछ।

(ग) कृषि सडकः नगरपालिकाभित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोड्ने सडकहरू यस अन्तर्गत पर्दछन।

(घ) घोडेटो मुलबाटोः मानिस र पशुचौपाया मात्र हिड्ने एक भन्दा बढी गाँउ बस्ती जोड्ने बाटोलाई घोडेटो मुलबाटोको रूपमा बर्गीकरण गरिने छ।

(ङ) गोरेटो बाटोः मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडकसम्म जोडिने अधिकतम एक किमी लम्बाईका सडकलाई गोरेटोबाटो भनिन्छ।

(च) नगरभित्रका सडकहरूको बर्गीकरण र मापदणड तथआ न्यूनतम चौडाई नगरपालिकाले तोकेबमोजिम हुनेछ।

४. **मापदण्ड निर्धारण गर्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने र भएका सडकहरूको मापदण्ड तोक्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

५. **स्वीकृति नलिई संरचना निर्माणगर्न नपाइनेः** (१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्रभित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृतिविना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काउने अधिकार नगरपालिकालाई हुनेछ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा नगरपालिकाको कार्यालयमा भत्काउनुपर्ने कारणसहित निवेदन दिनु पर्दछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझगरी खन्दा भत्काउदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र नगरपालिकाले स्वीकृत प्राप्त गर्न सक्नेछ।

(४) भत्काएको सडक वा सडक सीमा पुनः भत्काउने सम्बन्धित व्यक्तिले पुनः निर्माण गरेपछि मात्र धरौटी रकम फर्ता दिइने छ।

(५) पहिलेदेखि चलिआएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा सम्बन्धित जग्गा धनीसँगको सहमतीमा मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ।

६. **सडकको आवागमनमा बाधा पुर्‍याउन नहुनेः** (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुर्‍याउको भए त्यस्ता माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाँउमा नगरपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको भएको आदेशको अवधिभित्र नहटाएको वा धनि पत्ता नलागेको माल वस्तुलाई नगरपालिकाले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ।

**परिच्छेद ३**

**जलस्रोतहरूको संरक्षण र उपयोगसम्बन्धी व्यवस्था**

७. **जलस्रोतको उपयोगः** (१) नगरपालिकाभित्र रहेका जलस्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) जलस्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइनेछः

(क) पिउने पानी

(ख) सिँचाई

(ग) पानीघट्ट, औद्योगिक वा निर्माण प्रयोजन

(घ) जलविद्युत

(ङ) जल पर्यटन

(३) नगरपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा स्रोतको समूचित उपयोग र संरक्षण गर्ने अधिकार नगरपालिकालाई हुनेछ।

(४) मुहानसम्बन्धी विवादको निर्णय गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ।

८. **अनुमति लिनुपर्नेः** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्न पाउने छैनः

(क) सार्वजनिक वा समूहगत रूपमा खानेपानी वा अन्य घरेलु पर्योजनको लागि उपयोग गर्न

(ख) सामूहिक रूपमा जग्गाको सिँचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायिक रूपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न।

(२) जलस्रोतको सामूहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न

नगरपालिकाको अनुमति लिनुपर्नेछ ।

(३) सामुदायिक उपयोगका लागि उपभोक्ता संस्थामार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला संस्थाले नगरपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुर्‍याने छैन ।

९. **खानेपानी, सिँचाईजस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापनः** (१) नगरपालिका क्षेत्रभित्र खानेपानी, सिँचाई, पानी घट्ट, लघु जलविद्युत र तालपोखरीको लागि जलस्रोत उपयोग गर्न परेमा सम्बन्धित क्षेत्रका उपभोक्ताहरू मिली जल उपभोक्ता संस्थाको गठन गरी सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नु पर्नेछ ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रूपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलस्रोतलाई यो ऐन तर्जुमा भएको छ महिनाभित्र नगरपालिकामा दर्ता गराउनु पर्नेछ ।

१०. **जल उपभोक्ता संस्थाको गठनः** (१) दफा ९ उपदफा (१) बमोजिम गठन हुने उपभोक्ता संस्थआमा नौदेखि पन्ध्र जना सदस्यहरू रहन सक्नेछन् । उपभोक्ता संस्थामा तेत्तिस प्रतिशत महिला सहित समावेसी प्रतिनिधित्व हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गर्न चाहने समूहले देहायको विवरणहरू सहित नगरपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनु पर्नेछः-

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए स्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने स्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी नगरपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकार वाला संस्था हुने छ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि तीन वर्षको हुनेछ । अर्को पटकको लागि तीन वर्षे म्याद सकिनु पन्ध्र दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नुपर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए बमोजिम हुने छ । संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नपर्ने कर फस्यौंट गर्नुपर्ने छ ।

(६) नगरपालिकाको आर्थिक ऐन र पर्देश कानूनले तोकेबमोजिमको जलस्रोत उपयोग कर तिर्नुपर्नेछ ।

(७) रित नपुगेको उपभोक्ता संस्थाको दर्ता हुनेछैन ।

**११. जल स्रोतको व्यवसायिक उपयोगका लागि अनुमति लिनुपर्नेः** (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, एक मेगावाटसम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको व्यवसायिक उपयोगका लागि सोको उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले नगरपालिकाबाट अनुमति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम एक मेगावाटसम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरू खुलाई नगरपालिका निवेदन दिनुपर्नेछ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत,

(च) परियोजना सञ्चालनमा पर्ने वातावरणीय जोखिमहरू (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा नगरपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका सर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपराइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले तिन महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नगरपालिकालाई कानून बमोजिम दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा नगरपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ।

## परिच्छेद ५
## भवन निर्माण तथा शहरी विकास सम्बन्धी व्यवस्था

**१२. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुनेः** (१) नगरपालिका क्षेत्रभित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि नगरपालिकाबाट स्वीकृत नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फर्ने वा साविको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित गर्नु गराउनु हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले भवन निर्माणसम्बन्धी निर्देशिका र मापदणड तयार गर्नेछ। यस्तो मापदणड तयार गर्दा प्रदेश वा संघीय सरकारद्वारा स्वीकृत मापदण्डलाई समेत आधार मान्नुपर्दछ ।

(३) भवन निर्माणसम्बन्धी मापदणडहरू नगरपालिकाले तोकेबमोजिम हुनेछ।

१३. **भवनको दर्ताः** नगरपालिकाभित्र निर्माण भएका सम्पूर्ण भवन तथआ संरचनाहरूको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ।

१४. **बस्ती विकासको लागि अनुमति दिनेः** (१) नगरपालिकाभित्र कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा नगरपालिका कार्यालयमा वस्ती विकासको बिस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) बस्ती विकाससम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ६
## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था

१५. **पूर्वाधार आयोजना तर्जुमाः** (१) स्थानीयस्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मतसम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरूको विकासका लागि योजना तर्जुमा गरी नगरसभाबाट पारित गर्नु पर्नेछ।

(२) पूर्वाधार योजना तर्जुमाको क्रममा देहाय बमोजिमका कुराहरू उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछः-

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र स्रोत,

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, बस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च,

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरूप

१६. **लागत अनुमा तयार गर्नुपर्नेः** (१) नगरपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्वेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) कुनैपनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघु बढाउनु पर्नेछ।

१७. **स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः** (१) नगरपालिकाले पूर्वाधार निर्माण वा मर्मतसम्बन्धी कार्य गर्ने प्रयोजनका लागि योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रूपमा तोकेबमोजिम दर्ता गर्न सक्नेछ।

(२) स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्त गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम नगरपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई सम्बन्धित नगरपालिकामा निर्माण कार्य गर्ने

ईजाजत सहितको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण व्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिमका स्थानीय निर्माण व्यवसायीहरूले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो तीन महिनाभित्र नवीकरण गराउनु पर्नेछ।

(६) स्थानीय निर्माण व्यवसायी हुन नगरपालिकाले तोकेबमोजिम नगरपालिकामा व्यवसाय दर्ता भएको हुन पर्नेछ।

१८. **पूर्वाधार मर्मत संभार कोषः** (१) नगरपालिकाभित्र रहेका नगरस्तरीय वा केन्द्र/प्रदेशस्तरीय पूर्वाधारहरूको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, कानेपानी ईत्यादिबाट प्राप्त रोयल्टि रकमको पाँच प्रतिशत रकम दाखिला गरिनेछ।

## परिच्छेद- ७

## पूर्वाधार अनुगमन तथा मूल्यांकनसम्बन्धी व्यवस्था

१९. **पूर्वाधार अनुगमन समितिको गठनः** (१) नगरपालिका क्षेत्रभित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठुला आयोजना तथा नगरपालिकाको आफ्नै बजेटबाट निर्माण हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरू को गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नाका लागि तपसिल अनुसारको पूर्वाधार अनुगमन समिति गठन गरिनेछ।

**(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछः**

| | | |
|---|---|---|
| (क) | नगरपालिका उप-प्रमुख - | अध्यक्ष |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) | पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष - | सदस्य |
| (घ) | पूर्वाधार निर्माण सम्बन्धी ज्ञान भएका विज्ञहरू मध्ये एक महिला सहित दुई जना - | सदस्य |
| (ङ) | पूर्वाधार शाखा प्रमुख- | सदस्य |
| (च) | नगर कार्यपालिकको कार्यालयको योजना शाखा– | सदस्य सचिव |

२०. **अनुगमन समितिको बैठक र निर्णयः** (१) अनुगमन समितिको बैठक सम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

तर आवश्यकतानुसार बैठक वस्न यो व्यवस्थाले बाधा पुर्‍याएको मानिनेछैन।

(२) अनुगमन समितिको बैठक समितको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

२१. **अनुगमन पश्चात निर्देशन दिनसक्नेः** (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट

सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) संघीय र प्रदेशस्तरीय पूर्वाधार आयोजनाहरूको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ।

**२२. कारवाहीको सिफारिस गर्न सक्ने:** नगरपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापरवाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितले सम्बन्धित निर्माण व्यवसायीलाई कारवाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो नगरपालिकाभित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ।

**२३. कालो सूचीमा राख्ने:** (१) देहायको अवस्थामा नगरपालिका कार्यालयले निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरी कालो सूचीमा राख्न सक्नेछः

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनोट भई सम्झौता गरेर तीन महिनासम्म काम शुरु नगरेमा,

(ग) सम्झौता अनुरूपको दायित्व पालना नगरेको, समय सिमाभित्र कार्य सम्पन्न नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्राभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसूर गरेमा

(२) उपरोक्तबमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भीर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सक्नेछ।

**२४. प्राविधिक मूल्यांकन गर्नुपर्ने:** (१) नगरपालिकाभित्र निर्माण भएका भौतिक पूर्वाधारहरूको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद ८

## सार्वजिनक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनसम्बन्धी व्यवस्था

**२५. निजी साझेदारीमा पूर्वाधारको विकास गर्नसक्ने:** (१) ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग नगरपालिकाले खानेपानी, विद्युत, सडक, भवन, पार्क, पौडी पोखरी, व्यवसायिक भवन, सरसफाईलगायतसँग सम्बन्धित संरचना वा पूर्वाधारहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी

लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरू अवलम्बन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाट गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछः-

(क) सञ्चालन तथा व्यवस्थापनः अधिकतम पाँच वर्षका लगि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरणः सातदेखि पन्ध्र वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरणः पन्ध्र देखि पच्चीस वर्षका लागि

(घ) लिज वा कन्सेसनः सम्झौता तोकिए बमोजिम वा अधिकतम बाईस वर्ष।

२६. **प्रस्ताव आव्हानगर्न सक्नेः** (१) नगरपालिकाले दफा २९ बमोजिम पूर्वाधार संरचनाहरूको निर्माण वा मौजुदा संरचनाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा निजी व्यवसायीले साझेदारीको स्वरूपको आधारमा देहायका विवरणहरू खोली प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) बित्तिय स्रोत

(घ) वातावरणीय प्रतिवेदन

(ङ) कार्यन्वयनका विवरण

(च) परियोजना कार्यान्वियन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरू,

(छ) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन,

(ज) प्रस्तावित शुल्क र करार अवधी।

२७. **प्रस्ताव छनोट र सम्झौताः** (१) प्राप्त भएका प्रस्ताव उपर नगरपालिकाले सम्बन्धित विषयका विज्ञ टोलीद्वारा तपसीलका आधारहरूमा मूल्यांकन गराई प्रस्ताव छनोट गर्न सक्ने छः

(क) पूर्वाधारबाट उपलब्ध हुने सुवधाकोस्तर र गुणस्तर,

(ख) प्रस्तावित निजी लगानी,

(ग) सेवा शुल्क र रोयल्टि रकम,

(घ) लिज अवधी,

(ङ) प्रविधिको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि।

(२) उपदफा (१) मा उल्लेखित आधारहरूबाट उपयुक्त देखिएको प्रस्तावकसँग नगरपालिकाले अवधि किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ।

२८. **सञ्चालन तथा व्यवस्थापनः** (१) सम्झौता अवधिभरी पूर्वाधार संरचनाको सञ्चालन तथा व्यवस्थापनको

दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(२) सम्झौता हेरफेर गर्नुपरेमा निजी साझेदार वा नगरपालिकाको तर्फबाट एकअर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरूमा हेरफेर हुन सक्ने छ ।

**परिच्छेद ९**

**वातावरण, भू-संरक्षण तथा वैकल्पिक ऊर्जासम्बन्धी व्यवस्था**

२९. **वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी व्यवस्था**: (१) नगरपालिकाले पाँच करोडदेखि दश करोडसम्म लागत भएका पूर्वाधार आयोजनाहरूको वातावरणीय परिक्षण र दश करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरूमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्नेछ ।

(२) आयोजनाको वातावरणीय परिक्षण र स्वीकृत नगरपालिका स्वयंले गर्न सक्नेछ ।

(३) वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृतिको लागि सोको प्रतिलिपि नगरपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी सात दिनको म्याद सहित सूझाब माग गर्नु पर्नेछ ।

३०. **वैकल्पिक ऊर्जालाई प्रोत्साहन**: (१) पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक ऊर्जालाई प्रोत्साहन गर्नुपर्ने छ ।

(२) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्होलगायतका वैकल्पीक ऊर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत नगरपालिकामा जानकारी गराउनु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम जानकारी नगराएमा अनुदान पाउने छैन ।

३१. **भुक्षय नियन्त्रणसम्बन्धी कार्य गर्न सक्ने**: (१) नगरपालिकाभित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारमा वाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्बन्धित क्षेत्रका व्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि नगरपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा बाधा पुर्‍याउने हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयूक्त देखेमा नगरपालिकाले अधिकतम सात वर्षका लागि वृक्षारोपण ग र्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।

(५) अनुमति दिँदा सडक छेउको हकमा सम्बन्धित संधियारलाई प्राथमिकता दिनु पर्नेछ ।

३२. **फोहरमैला तथा फोहर पानी व्यवस्थापन**: (१) नगरपालिकाभित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरूलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्ने छ ।

(२) नगरपालिकाभित्र फोहरमैला व्यवस्थापनको लागि ल्याणडफिल्ड साईट निर्माण गर्न अन्य नगरपालिका

तथा गाँउ पालिकासँग समन्वय गर्न सक्नेछ।

**परिच्छेद १०**

**विविध**

**३३. अन्तर स्थानीय समन्वयः** (१) एकभन्दा बढी नगर / गाँउपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि कार्यपालिकाबाट अनुमोदन गराई गराउनु पर्नेछ।

**३४. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**३५. नियम बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

**३६. खारेजी र बचाउः** (१) भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ।

**अनुसूची १**

**दफा २ को (ट) सँग सम्बन्धित**

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइसम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यक्रम र नियमन,

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाइ र तटबन्ध सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण / स्तरोन्नतिको आयोजना पहिचान, अध्ययन, कार्यन्वयन, मर्मत सम्भार र नियमन,

(ग) स्थानीयस्तरमा केवलकार ट्रली बस, ट्राम जस्ता मध्यमस्तरका मास ट्रान्जिट प्रणालीको निति, मापदण्ड, योजना कार्यान्वयन र नियमन,

(घ) राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल सेवा सञ्डालन व्यवस्थापन, मर्मतसम्भार, समन्वय, सहकार्य,

(ङ) स्थानीयस्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन,

(च) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यन्वयन र नियमन

(छ) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापनसम्बन्धी,

(ज) साना जलविद्युत आयोजनासम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यक्रम, नियमन,

(झ) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जासम्बन्धी नीति, कानून, मापदण्ड र योजना कार्यन्वयन र नियमन,

(ञ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,

(ट) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन व्यवस्थापन,

(ठ) स्थानीय तटबन्ध, नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन,

(ड) स्थानीयस्तरमा वैकल्पिक ऊर्जासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन र नियमन,

(ढ) स्थानीयस्तरमा वैकल्पिक ऊर्जासम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि तथा प्रवर्द्धन

आज्ञाले
चुरामणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत